नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(.........मान्यता तथा समकक्षता.. शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- २०८०/०८१
चलानी नं.:- ४८८

मितिः २०८१/०२/१७

## विषय : मान्यता तथा समकक्षता (Recognition and Equivalency) सम्बन्धी जरुरी सूचना

नेपालमा सञ्चालित स्वदेशी वा विदेशी शिक्षण संस्था वा बोर्डबाट शैक्षिक उपाधि हासिल गरी माध्यमिक तह (कक्षा १० र १२) सरह तथा कक्षा १० भन्दा तल्लो तह र कक्षाको मान्यता तथा समकक्षता पत्र (Letter Of Recognition and Equivalency-LOE) लिन इच्छुक विद्यार्थीले माध्यमिक शिक्षा (कक्षा १० र १२) सरह मान्यता तथा समकक्षता निर्देशिका, २०७३ (दोस्रो संशोधनसमेत) मा भएको व्यवस्था र मान्यता तथा समकक्षता निर्धारण समितिको समय समयमा भएका निर्णयका आधारमा तपसिलबमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

१. **माध्यमिक तह (कक्षा १० र कक्षा १२) सरहको मान्यता तथा समकक्षता सम्बन्धमा**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट माध्यमिक तह (कक्षा १० र कक्षा १२) सरहको मान्यता तथा समकक्षता (LOE) को प्रमाणपत्र प्रदान गर्ने गरिएको छ। मिति २०७९।०९।०१ देखि मान्यता तथा समकक्षताको आवेदनलाई पूर्ण रूपमा अनलाइन गरिएको र मिति २०८१।०२।१७ गतेदेखि अनलाइनबाट मात्र LOE उपलब्ध हुने छ। उक्त मितिदेखि प्रक्रियामा रहेको पत्र (Process Letter) दिने कार्य पूर्ण रूपमा बन्द गरिएको छ। स्वीकृत शिक्षण संस्था वा बोर्डका नतिजा प्रकाशन भएपछि अनलाइनबाट उपलब्ध गराइएको नतिजाका आधारमा मात्र मान्यता तथा समकक्षता प्रदान गर्न नसकिने भएकाले अनिवार्य रूपमा सम्पूर्ण सक्कल प्रमाणपत्र प्राप्त गरेपछि मात्र आवेदन दिनुपर्ने छ। साथै अनलाइन फाराममा सक्कल प्रमाणपत्र (Original Certificates) हरू Scan गरी Upload गर्नुपर्ने छ। अन्यथा आवेदन स्वीकृत नगरी Reject गरिने छ।

२. **आवश्यक न्यूनतम योग्यता सम्बन्धमा**

विदेशी बोर्ड वा शिक्षण संस्थाबाट कक्षा १० र कक्षा १२ उत्तीर्ण गरी शैक्षिक उपाधि हासिल गरेका विद्यार्थीहरूले देहायबमोजिम न्यूनतम योग्यता प्राप्त गरेको भएमा मात्र अनलाइन फाराम (Online Application) भर्नु भराउनुहुन अनुरोध छ।

(क) कक्षा १० का लागि १० वर्षको शिक्षा पूरा गरी अङ्ग्रेजी विषयसहित कम्तिमा ५ ओटा विषयमा शैक्षिक उपाधि हासिल गरेको

(ख) कक्षा १२ का लागि कक्षा १० सरहको शिक्षा पूरा गरी अङ्ग्रेजीसहित कम्तिमा ५ ओटा विषयमा थप २ वर्षको अध्ययन पूरा गरी शैक्षिक उपाधि हासिल गरेको

(ग) IGCSE/O Level अध्ययन गरेकाका हकमा कम्तीमा ५ ओटा विषयमा उत्तीर्ण गरी शैक्षिक उपाधि हासिल गरेको

(घ) ए लेभलको हकमा Advance Level मा कम्तीमा ३ ओटा विषयमा उत्तीर्ण गरी शैक्षिक उपाधि हासिल गरेको तर वि.सं. २०७३।१२।१० (सन् २०१७ मार्च २३) भित्र भर्ना भई Advanced Level को अध्ययन पूरा गरिसकेकाहरूका हकमा Advanced Level मा अध्ययन गरेको विषय सङ्ख्या तीनभन्दा कम भएको अवस्थामा कम्तीमा दुईओटा विपषयमा Advanced Level को अध्ययन पूरा गरेको र थप दुई विषयमा Advanced Subsidiary (कक्षा ११ सरह) कक्षाको अध्ययन पूरा गरेको हुनुपर्ने छ।

(ङ) IB-International Baccalaureate कार्यक्रम अध्ययन गर्ने विद्यार्थीका हकमा ग्रेडसिटमा कम्तीमा २४ ग्रेड पोइन्ट (Grade Point) प्राप्त गरी अध्ययन पूरा गरी डिप्लोमा सर्टिफिकेट (Diploma Certificate) हासिल गरेको



निर्देशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(.............................. शाखा)

फोन नं. ६६३०५८८
६६३४१११
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-
चलानी नं.:-
मितिः ...................................

३. **अनलाइन फाराम (Online Application) भर्ने सम्बन्धमा**

अनलाइन (Online) फाराम भर्नका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइट www.moecdc.gov.np/Online Equivalence वा loe.moecdc.gov.np मा राखिएको HELP User Manual, Notice र FAQ अध्ययन गरी आफ्नो email address र Password राखेर रजिस्ट्रेसन गर्नु अगि OTP आउँछ। कक्षा १० र कक्षा १२ दुवै विदेशी शिक्षण संस्था वा बोर्डबाट अध्ययन गर्ने विद्यार्थीले पहिले कक्षा १० को अनलाइन आवेदन भरी LOE को प्रमाणपत्र प्राप्त भएपछि मात्र कक्षा १२ को आवेदन भर्नुपर्छ। कक्षा १०/SEE नेपालकै NEB बोर्डबाट उत्तीर्ण गरेको भए सोझै कक्षा १२ लागि फाराम भर्न सकिने छ। अनलाइन आवेदन Submit गरिसकेपछि सम्बन्धित विद्यार्थीको इमेल तथा मोबाइलमा मेसेज आउँछ। त्यसपछि तोकिएका अन्य आधार पूरा गरेको अवस्था भएमा आवेदन स्वीकृत (Verified) भएको मेसेज प्राप्त हुनेछ। केही कागजात वा योग्यता नपुग भएको अवस्थामा थप कागजात पेस (Upload) गर्नुपर्ने कागजातको विवरण (Resubmit) मार्फत पाउनुहुने छ। साथै आवश्यक योग्यताको आधार पूरा नगरेको अवस्थामा आवेदन अस्वीकृत (Reject) भएको जानकारी इमेल र फोनमा पठाइने छ। यसका लागि करिब १५ दिन लाग्न सक्ने छ।

४. **आवेदन रूजु र स्वीकृत सम्बन्धमा**

आफू रहे भएको स्थानबाट नै अनलाइन आवेदन फर्म भर्नुपर्छ। आवेदन स्वीकृत (Verified) भएको मेसेज प्राप्त भएमा मात्र आफ्नो LOE प्रोफाइलमा गएर स्वीकृत शिक्षण संस्था वा बोर्डको हकमा रु. १००० र नयाँ बोर्डको हकमा रु. १५०० राजश्व दस्तुर अनलाइन पेमेन्ट (Pay Online) मार्फत राजश्व (Revenue) दस्तुर बुझाउनुपर्ने छ। अनलाइन पेमेन्ट भएपछि LOE Profile मा Paid देखिने छ। सो पश्चात् मात्र कार्यालय समयमा अनलाइन आवेदन रुजु र स्वीकृत गरिने छ। यसका लागि केही दिन लाग्न सक्ने छ। साथै अनलाइनमा Upload गरिएका कागजात वा प्रमाणपत्र उपर द्विविधा भएको अवस्थामा तोकिएको समयमा आवेदन स्वीकृत नहुन सक्ने छ। यस्तो अवस्थामा आफ्नो सम्पूर्ण कागजात र प्रमाणपत्र जुटाउने तथा प्रक्रिया पुऱ्याउने दायित्व सम्बन्धित विद्यार्थीले नै निर्वाह गर्नुपर्छ।

५. **मान्यता तथा समकक्षताको प्रमाणपत्र (Letter of Equivalency-LOE) लिने सम्बन्धमा**

रूजु (Verify) भइसकेका आवेदनहरू सार्वजनिक बिदाबाहेक कार्यालय समयमा शुक्रबार विहान १०:३० देखि १:०० बजेभित्र र अन्य दिन बिहान १०:३० देखि ३:०० बजेभित्र अनलाइन आवेदन रूजु (Verify) हुने र अनलाइन पेमेन्ट गर्न मेसेज प्राप्त हुने छ। राजश्व रकम पेमेन्ट भएपछि सम्बन्धित विद्यार्थीको प्रोफाइलमा Paid देखिएको अवस्थामा सम्बन्धित विद्यार्थीलाई मोबाइल वा इमेलमार्फत LOE को प्रमाणपत्र Print गरी लिनुहुन भनी मेसेज प्राप्त हुने छ। यसपछि आफ्नो मान्यता वा समकक्षता (LOE) को प्रमाणपत्र Print गरी सुरक्षित राख्नुपर्ने छ। समकक्षताको प्रमाणपत्र Print गरी लिन सम्बन्धित विद्यार्थीलाई पूर्ण रूपमा जिम्मेवारी दिइने छ। साथै यसबाट पर्न जाने असरका लागि सम्बन्धित विद्यार्थी नै प्रचलित कानुनबमोजिम जवाफदेही हुनुपर्ने छ।

६. **पुराना स्वीकृत शिक्षण संस्था तथा बोर्डहरूबाट उत्तीर्ण भएका विद्यार्थीका सम्बन्धमा**

स्वीकृत शिक्षण संस्था तथा बोर्डहरूबाट उत्तीर्ण भएका विद्यार्थीका अनलाइन फाराम भर्ने क्रममा तपसिलबमोजिमका सक्कल प्रमाणपत्रहरू Scan गरी Upload गर्नुपर्छ :

a. Citizenship or any ID Proof Card/Passport

b. Mark sheet/Grade sheet/Statement Of Results (SOR) for A level/IB Grade Sheet for IB (International Baccalaureate)

c. Pass certificate/Provisional certificate (for five years only) / General Certificate of Education (GCE) for A Level/IB Diploma Certificate

निर्देशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(...................................... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-
चलानी नं.:-
मितिः ..............................

d. Character Certificate (If not, Certificate of higher level)

e. Migration Certificate (If not, Certificate of higher level)

f. Certificate Verified by Concern Board or embassy/Government agencies or PCC-Police Clearance Certificate, Admission Card and Registration Card. (If not verified from online result)

g. For Cambridge IGCSE, O Levels, and A Levels, Original Certificates from related Agencies/Result Verified Letter from British Council Nepal

७. **नयाँ स्वीकृत गराउनु पर्ने शिक्षण संस्था तथा बोर्डहरूका सम्बन्धमा**

माथि स्वीकृत शिक्षण संस्था तथा बोर्डहरूका लागि उल्लिखित सम्पूर्ण कागजात र शैक्षिक उपाधिहरूका अतिरिक्त देहायबमोजिमका थप कागजातहरूसमेत आवेदनमा संलग्न गरी पेस गर्नुपर्नेछ । साथै वेबसाइट https://moecdc.gov.np/Online equivalence अथवा loe.moecdc.gov.np मा Online Application मा आफ्ना विवरण भरी कागजात र प्रमाणपत्रहरू Scan गरी अपलोड गर्नुहुनसमेत अनुरोध छ ।

(क) अध्ययन गरेका मुख्य विषयहरूका पाठ्यक्रम/सेलेबसको सफ्टकपी र हार्डकपी

(ख) विषयगत पाठ्यभार पूर्णाङ्क र कार्यघण्टा खुलेको कागजातको प्रमाणित प्रतिलिपी

(ग) सम्बन्धित शिक्षण संस्था वा बोर्डको सरकारी मान्यता प्राप्त भएको कागजात वा स्वीकृति पत्रको प्रमाणित प्रतिलिपी वा सम्बन्धित देशको नेपालस्थित राजदुतावासको उक्त शैक्षिक संस्था वा बोर्ड सरकारी मान्यता प्राप्त हो भन्ने प्रमाणित पत्र/सिफारिस पत्र

(घ) अध्ययन अवधिको स्पष्ट विवरण खुल्ने पासपोर्ट र भिसाको प्रमाणित प्रतिलिपी, भारतको हकमा आधार कार्ड वा अन्य कुनै आधिकारीक कागजातहरू

(ङ) सम्बन्धित शैक्षिक संस्था वा बोर्डको ब्रोसर वा बुलेटिन (Introduction of Concern School or College or Board).

८. **प्रमाणपत्रहरूको थप प्रमाणीकरण (Verification) सम्बन्धमा**

हाल आवेदन प्राप्त शैक्षिक उपाधिहरूको प्रमाणीकरणका लागि सम्बन्धित बोर्डको आधिकारिक वेबसाइटमार्फत Online Verification गरी समकक्षता प्रदान गर्दै आइरहेको अवस्था छ। तर अनलाइनमा नतिजा (Online Result) उपलब्ध हुन नसकेका शैक्षिक संस्था वा बोर्डका शैक्षिक उपाधिहरूको Verification का लागि कुनै त्यस्तो भरपर्दो आधार नभएका कारण बनावटी (फेक) शैक्षिक योग्यताका प्रमाणपत्रहरू पनि आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै उक्त प्रमाणपत्रहरूको Verification का लागि नेपालस्थित सम्बन्धित देशको दूतावासमार्फत वा सम्बन्धित देशको आधिकारिक सरकारी निकाय (Embassy, Concern Board or Authoritative government Office) बाट शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रमा छापसहित प्रमाणीकरण गरेको हुनुपर्ने वा Police Clearance Certificate (PCC) संलग्न (Upload) हुनुपर्ने छ। क्याम्ब्रिजका IGCSE/O Levels and A Levels का हकमा सम्बन्धित बोर्डको आधिकारिक निकायबाट जारी भएको प्रमाणपत्र वा ब्रिटिस काउन्सिल नेपालबाट प्रमाणित वा Verified गरेको आधारमा समकक्षता प्रदान गरिने छ।

८. स्वदेशी वा विदेशी शिक्षण संस्था वा बोर्डबाट शैक्षिक उपाधि हासिल गरेका तथा विदेशी शिक्षण संस्था वा बोर्डबाट सम्बन्धन लिई नेपालभित्र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमति तथा स्वीकृति र नवीकरण भई सञ्चालित शिक्षण संस्थाहरूबाट उत्तीर्ण गरी निवेदन दिएका व्यक्तिलाई मात्र मान्यता तथा समकक्षता प्रदान गरिने छ।

निर्देशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(....................................... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-
चलानी नं.:-
मिति:

**१०. अङ्ग्रेजी भाषामा अनुवाद गर्ने सम्बन्धमा**

विदेशी शिक्षण संस्था वा बोर्डहरूबाट हासिल गरेका शैक्षिक योग्यताका प्रमाणपत्र तथा अन्य कागजातहरू अङ्ग्रेजीबाहेक अन्य भाषामा भएमा सम्बन्धित निवेदकले आधिकारिक निकायबाट सम्पूर्ण कागजातहरू अङ्ग्रेजी भाषामा अनुवाद गराएर मात्र पेस गर्नुपर्ने छ।

**११. सर्वाधिकार**

मान्यता तथा समकक्षता प्रदान गर्ने नगर्ने सम्बन्धमा सम्पूर्ण अधिकार नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा निहित रहने छ।

**१२. कक्षा १० भन्दा तलका कक्षाको मान्यता तथा समकक्षतासम्बन्धी व्यवस्था**

(क) विदेशी शैक्षिक संस्थाहरूबाट कक्षा ८ वा ९ सरहको अध्ययन पूरा गरी नेपालमा अध्ययन गर्न चाहेमा सम्बन्धित विद्यार्थी वा निजका अभिभावकले विद्यार्थी पढ्न चाहेको विद्यालयमा विद्यार्थीका शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिसहित निवेदन दिनुपर्ने छ। सम्बन्धित विद्यालयले विद्यार्थीको लिखित वा मौखिक परीक्षा लिन आवश्यक ठानेमा उक्त परीक्षा लिई उपयुक्तमा भर्नाका लागि आफ्नो रायसहित जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ र सम्बन्धित पालिकामा अनुमति माग गर्नुपर्ने छ।

(ख) जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइ वा पालिकाले विद्यालयको मागबमोजिम विद्यार्थी भर्ना गर्न उपयुक्त देखेमा कक्षा तोकी अनुमति दिनसक्ने छ।

(ग) कक्षा ८ भन्दा तलको हकमा विद्यार्थीको उमेर, शैक्षिक स्तर, बौद्धिक क्षमता र शैक्षिक योग्यताका प्रमाण पत्र हेरी विद्यालयले उपयुक्त कक्षामा भर्ना गर्नसक्ने छ।

**१३. निर्देशिका र गुनासो सम्बन्धमा**

अन्य जानकारीका लागि यस केन्द्रको वेबसाइट www.moecdc.gov.np मा रहेको माध्यमिक शिक्षा (कक्षा १० र १२) सरह मान्यता तथा समकक्षता निर्देशिका, २०७३ (दोस्रो संशोधन २०७९ समेत) हेर्नु हुन र मान्यता तथा समकक्षता सम्बन्धमा कुनै गुनासो राख्नुपर्ने र सोधपूछ गर्नुपर्ने भएमा यस कार्यालयको इमेल info@moecdc.gov.np मा आफ्नो गुनासो वा समस्याको व्यहोरा लेखी पठाउनुहुनसमेत अनुरोध छ।

***



२०७९।०२।१६
निर्देशक